# एडिबीको वातावरण तथा सामाजिक ढाँचा (इएसएफ)को वारेमा क्षेत्रीय छलफल

## *मध्य एशिया, पश्चिम एशिया तथा दक्षिण एशियाका नागरिक समाजका संस्थाहरुमाझ*

२०८० चैत्र २१ देखि २३ गतेसम्म । अनलाइन

SAFEGUARD POLICY REVIEW AND UPDATE

*The views expressed in this presentation are the views of the author/s and do not necessarily reflect the views or policies of the Asian Development Bank, or its Board of Governors, or the governments they represent. ADB does not guarantee the accuracy of the data included in this presentation and accepts no responsibility for any consequence of their use. The countries listed in this presentation do not imply any view on ADB's part as to sovereignty or independent status or necessarily confirm to ADB's terminology.*



# एडिबीले अर्थपूर्ण छलफल गर्न गराउन चाहन्छ ।

ADB

सुरक्षा नीति मूल्यांकन र त्यसबारेको अद्यावधिक छलफलले सरोकारवालाहरुलाई एडिबीको मस्यौदा इएसएफमा आफ्नो बिचार राखेर अर्थपूर्ण सहभागी हुने अवसर प्रदान गर्दछ ।

यी छलफलहरुमा सबै सरोकारवालालाई यसमा योगदान गर्न र आफ्नो चासो व्यक्त गर्न प्रोेत्साहन गरिन्छ । यो सरोकारवाला सहभागी गराउने योजना (एसइपी)को ५७ अनुच्छेद बमोजिम यो छलफलमा सहभागी भएपछि सबै सरोकारवालाले दस्ताबेज राख्ने प्रयोजनको लागि आफ्नो भिडियो र अडियो रेकर्ड गर्न सहमत भएको मानिन्छ । यो छलफललाई पारदर्शी बनाउन एडिबीले यो छलफलको सारांश वा सार्वजनिकीकरण गर्ने प्रयोजनको लागि एसपिआरयुको वेभसाइटमा राख्नेछ । सरोकारवालाहरुले यो छलफलमा रेकर्डमा भएको कुरामा फरक मत राख्न वा हटाउन चाहनेले सेफगार्ड पोलिसी रिभ्यू एण्ड अप्डेट सचिबालयको इमेल safeguardsupdate@adb.org मा अबको दुई साताभित्र सम्पर्क गर्नुपर्नेछ ।

सबैखालका पृष्ठपोषणलाई स्वागत गर्दछौ । यहाँ व्यक्त भएका पृष्ठपोषणलाई लिएर कुनै बदला, दुरुपयोग वा अन्य कुनै किसिमको भेदभाव गरिने छैन ।

छलफलको क्रममा सार्वजनिक गर्ने बिषयवस्तु, रेकर्डिङ, गोपनीयता, सम्भावित जोखिम, दुरुपयोग वा अन्य कुनै खालका भेदभाव आदिको वारेमा कुनै चासो भएमा सचिबालयको इमेल safeguardsupdate@adb.org मा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

INTERNAL. This information is accessible to ADB Management and Staff. It may be shared outside ADB with appropriate permission.

# यस सत्रका उद्‌देश्यहरु

१. वातावरणीय तथा सामाजिक ढाँचा (इएसएफ)को मस्यौदाको पृष्ठभूमि र परिचय दिने

- इएसएफ मस्यौदाको पृष्ठभूमि र परिचय
- प्रस्तावित वातावरणीय तथा सामाजिक मापदण्डको परिचय
- लगानी गर्न प्रतिबन्धित बस्तु तथा गतिविधिका सूचिहरु लगानी गर्न प्रतिबन्धित बस्तु तथा गतिविधिका सूचिहरुको लागि वातावरणीय तथा सामाजिक आवश्यकताहरुको वित्तीय ढाँचाको सारांश (प्रोडक्ट्स एण्ड प्रोहिबेटेड इन्भेष्टमेन्ट एक्टिभिटिज लिष्ट) को लागि वातावरणीय तथा सामाजिक आवश्यकताहरुको वित्तीय ढाँचाको सारांश

1. इएसएफको मस्यौदामा पृष्ठपोषण लिने एवम् सुरक्षणको पैरवी  तथा समुदायसँग गरिएको परामर्श अनुभव साटासाट गर्ने



INTERNAL. This information is accessible to ADB Management and Staff. It may be shared outside ADB with appropriate permission.

# एजेण्डा (चैत्र २१)

| | |
|---|---|
| 04:05 pm | स्वागत गर्ने |
| 04:10 pm | **पहिलो सत्र : इएसएफ र इएसपीको परिचय** |
| 04:35 pm | छलफल |
| 05:20 pm | बिश्राम |
| 05:25 pm | **दोस्रो सत्र: इएसएस १ र इएसएस १० को परिचय** |
| 05:35 pm | छलफल |
| 06:55 pm | संश्लेषण, घटना मूल्यांकन र घोषणाहरु |

SAFEGUARD POLICY REVIEW AND UPDATE

INTERNAL. This information is accessible to ADB Management and Staff. It may be shared outside ADB with appropriate permission.

ADB

# स्वागत भाषण

**ब्रुस डन**
**निर्देशक, पोलिसी एण्ड टेक्निकल सर्भिसेज**
**अफिस अफ सेफगार्ड्स (ओएसएफजि), एडिबी**

SAFEGUARD
POLICY REVIEW
AND UPDATE



ADB

# पहिलो सत्र :
# इएसएफ र इएसपीको परिचय

*ब्रुस डन*
*निर्देशक, पोलिसी एण्ड टेक्निकल सर्भिसेज*
*अफिस अफ सेफगार्ड्स (ओएसएफजि), एडिबी*

*ताकाको मोरिता*
*प्रमुख सल्लाहकार, अफिस अफ द जेनेरल काउन्सेल (ओजिसी), एडिबी*

SAFEGUARD
POLICY REVIEW
AND UPDATE



# सुरक्षण नीति पुनरावलोकन तथा यसको अद्यावधिकको उद्देश्य




SAFEGUARD POLICY REVIEW AND UPDATE

# नीति निर्माणको तयारी पुरा गर्ने

ADB

## 1. १८ बिषयगत अध्ययन सम्पन्न गर्ने

- ✓ नीति संरचना, वातावरण, सामाजिक तथा लैंगिक बिषयवस्तु ।
- ✓ एडिबी र बहुपक्षीय विकास बैंकको मानक बनाउने
- ✓ कार्यान्वयनको अनुभव तथा चुनौतीहरु

## 2. सरोकारवालाको सहभागिता

- ✓ **कुल ३६०० बढी व्यक्तिसँग छलफल गर्ने**
- ✓ **बिषयगत अध्ययनमा ८० वटा अनालाइन छलफल कार्यक्रम संचालन गर्ने ।**
- ✓ **देशभित्र गरिने परामर्शका लागि १० वटा विकासोन्मुख देशहरुको भ्रमण / सहभागिता**
- ✓ **५६ वटा निजीक्षेत्रसँग परामर्श**
- ✓ **९ वटा परियोजनाबाट प्रत्यक्ष प्रभावित समुदायसँग परियोजनावारे छलफल**
- ✓ **१० बढी लैंगिक/यौनिक अभिमुखीकरण र लैंगिक पहिचानको वारेमा फोकस**
- ✓ **जनजाती समुदायको सल्लाहकार समूहको गठन `**
- ✓ **अन्य बहुपक्षीय विकास बैंकहरुसँग छलफल**

## 3. एडिबीका कर्मचारी तथा बोर्डसँग सहभागिता

- ✓ स्टेरिङ कमिटि लिड कोअर्डिनेशन ग्रुप र टेक्निकल वर्किङ ग्रुपहरु
- ✓ अनौपचारिक बोर्ड सेमिनार (२०२०), डिप डाइभ्स (२०२१ र २०२२), द्विपक्षीय बैठकहरु

**विकासोन्मुख सदस्य देशहरुमा गरिने छलफल**

1. टोंगा
2. पपुवा न्यु गिनी
3. मंगोलिया
4. चीन
5. पाकिस्तान
6. रिपब्लिक अफ मार्शल आइल्यान्ड्स
7. फिलिपिन्स
8. भारत
9. इन्डोनेशिया
10. जर्जिया

## सरोकारवालासँगको सहभागिता तथा परामर्श



**Safeguard Policy Review | Asian Development Bank**

www.adb.org

INTERNAL. This information is accessible to ADB Management and Staff. It may be shared outside ADB with appropriate permission.

# सरोकारवालाबाट लिइएको पोषणको उच्चस्तरीय सारांश

SAFEGUARD POLICY REVIEW AND UPDATE

## विकासोन्मुख सदस्य राष्ट्रहरु (डिएमसिहरु)

- सुरक्षणको महत्व दर्शाउने ।.
- एसपिएस कार्यान्वयनमा अझै पनि चुनौतीहरु ।
- अनावश्यक खर्च नगर्ने ।
- देशकै सुरक्षण प्रणाली (सिएसएस) सँग मेल खानेगरी सहयोग गर्ने ।
- बहुपक्षीय वित्तीय संस्थाहरुको नीति र कार्यविधिहरुबीच एकरुपता ल्याउन सकेमा खर्च कम गर्न सकिन्छ ।
- देश र त्यहाँ संचालित परियोजनाको लाि◌ग शुरुवाती चरणबाटै राम्रो निर्देश गर्ने तथा क्षमता विकासमा सहयोग आवश्यक छ ।

## नागरिक समाजका संस्थाहरु

- सुरक्षण नीतिलाई कमजोर हुन नदिने
- सिएसएस (देशको सुरक्षण प्रणाली)को उपयोगमा पर्न सक्ने भिन्नतामा चासो राख्ने ।
- सरोकारवालाहरुको सहभागिता अभिवृद्धि गर्ने तथा आवश्यक सूचना जानकारीहरु सार्वजनिक गर्ने ।
- सुरक्षित वातावरणको सुनिश्चित गर्ने तथा सम्भावित प्रतिशोध वा बदलाको सम्बोधन गर्ने ।
- वित्तीय कारोबार गर्ने संस्थाहरुको सुरक्षामा चासो राख्ने ।
- जलवायु परिवर्तन, जैविक विविधता, लैंि◌गक, जोखिमापन्न समूह, यौनिक अल्पसंख्यक तथा लैंगिक पहिचान, श्रम मामिला र जनजाति समुदायआदिमा विशेष ध्यान दिने ।
- मानवअधिकार अनुगमन गर्ने ।

## निजी क्षेत्र

- इन्टरनेशनल फाइनान्स कर्पोरेशन (आइएफसि)को पर्फर्मेन्स स्टान्डर्ड र इक्वेटर प्रिन्सिपलसँग मिलान गर्ने
- देशको सुरक्षण प्रणाली र मुलुकको आवश्यकताबीच तादाम्म्यता मिलाउने
- सूचना वा जानकारी सार्वजनिक गर्ने सम्बन्धमा आइएफसि र अन्य बहुपक्षीय वित्तीय संस्थाहरुको नीतिजसरी नै गर्ने (जस्तै इआए सार्वजनक गर्ने अवधि १२० दिनबाट घटाएर ६० दिन बनाउने) ।
- आवश्यक निर्देशन दिंदा स्पष्ट निर्देशन दिने ः अनि परियोजना तयारी गर्दा वा कार्यान्वयनको बखतमा प्राविधिक सहयोग उपलब्ध गराउने

# तयारीको समयतालिका

- इएसएफ मस्यौदाको सार्वजनिकीकरण — 7 Sept 2023
- कार्यपत्रमा बोर्डको बैठक (W-Paper) — 27 Oct 2023
- मस्यौदा नीतिमा सरोकारवालालको छलफल — Nov 2023–May 2024
- संशोधित इएसएफको सार्वजनिकीकरण (दुई महिना) — Q3 2024
- अन्तिम नीतिपत्रमा बोर्डको बैठक (R-Paper) — Q3 2024
- नयाँ परियोजनाको सोचपत्रका लागि नीतिगत प्रभावकारिता — Q3 2025
- क्षमता विकासको तालिम तथा निर्देशन — 2023–2027

12 months

ADB

# वातावरणीय तथा सामाजिक ढाँचा

## क्षमता विकास नयाँ काम शुरु गर्ने योजना

ADB

### उद्देश्यहरु

- इएण्डएस सुरक्षणको लागि **सम्बन्धित मुलुकको तथा क्षेत्रीय तहमा क्षमता अभिवृद्धि गर्ने**
- **सबै एडिबीका कर्मचारी, ऋणी/ग्राहकहरुको** पूर्ण रुपमा इएसएफ कार्यान्वयन गर्न आवश्यक सीप, क्षमता तथा निर्देशन दिइएको◌े सुनिश्चित गर्ने

### कार्यक्रम तालिका

- २०२४—२०२७ (एडिबीको बोर्डले नयाँ नीति अनुमोदन गरेको तीन बर्षभन्दा बढी समयपछि)

### कार्यक्रमका क्रियाकलापहरु:

1. **हरेक मापदण्डका लागि निर्देशन तयार गर्ने** तथा छनौट गरिएका बिषयमा **असल अभ्यासको नोट बनाउने**
2. विकासोन्मुख सदस्य मुलुक, निजी क्षेत्र तथा अन्य सरोकारवालाहरुको लागि **तालिम दिने** (इ—लर्निङ, भिडियो, तालिमका कार्यक्रमहरु तथा टेम्प्लेटको उपयोग गरी)
3. एडिबीका कर्मचारी तथा सरोकारवालाहरुको लागि **मान्यताप्राप्त सर्टिफिकेट कार्यक्रम संचालन गर्ने ।**
4. **परियोजना तहमा क्षमता विकासका** लागि सहयोग गर्ने खासगरी परियोजनाको शुरुवाती चरणमा तथा नयाँ क्षेत्रहरुका लागि
5. **देशको तहमा प्राविधिक सहायता उपलब्ध गराउने,** देशको प्रणालीको पुनरावलोकन गर्ने, समान अवधारणा, संस्थागत सुदृढीकरण तथा व्यवस्थापनमा सघाउने ।
6. मुलुक तथा क्षेत्रीय तहको क्षमता विकासको लागि अन्य विकास साझेदारसँग मिलेर **साझेदारी तथा वित्तीय स्रोत परिचालन गर्ने**



INTERNAL. This information is accessible to ADB Management and Staff. It may be shared outside ADB with appropriate permission.

# वातावरणीय तथा सामाजिक ढाँचा (इएसएफ ) को परिचय

SAFEGUARD POLICY REVIEW AND UPDATE

# प्रस्तावित नीति संरचना
## वातावरणीय तथा सामाजिक ढाँचा




INTERNAL. This information is accessible to ADB Management and Staff. It may be shared outside ADB with appropriate permission.

# वातावरणीय तथा सामाजिक नीति मापदण्ड (इएसएस)

## सुरक्षण नीति कथन (एसपिएस) वारेको हालको आवश्यकताको आधारमा तयार पारिएका १० वटा प्रस्तावित मापदण्डरु

ADB

1 वातावरणीय तथा सामाजिक जोखिम एवम् प्रभावको मूल्यांकन तथा व्यवस्थापन

2 श्रम तथा कार्य वातावरण

3 स्रोतको संरक्षण तथा प्रदुषणको रोकथाम

4 स्वास्थ्य तथा सुरक्षा

5 जग्गा अधिग्रहण तथा जग्गा उपयोग प्रतिबन्ध

6 जैविक विविधता तथा दिगो प्राकृतिक स्रोत व्यवस्थापन

7 आदिवासी जनजाति समुदाय

8 सांस्कृतिक सम्पदा

9 जलवायु परिवर्तन

10 सरोकारवालाको सहभागिता तथा सूचना सार्वजनिकीकरण

INTERNAL. This information is accessible to ADB Management and Staff. It may be shared outside ADB with appropriate permission.

# वातावरणीय तथा सामाजिक नीति (इएसपी)को परिचय

## एडिबीको जिम्मेवारी

ADB

SAFEGUARD
POLICY REVIEW
AND UPDATE

# वातावरणीय तथा सामाजिक नीति (इ एण्ड एस पोलिसी)
## एडिबीको जिम्मेवारी

ADB

**इ एण्ड एस पोलिसी ले (अ) नीतिगत उद्देश्यहरु, (आ) दायरा, (इ) एडिबीको जिम्मेवारीहरुमा देहायका बिषयवस्तु समेटिएका छन्ः**

1. ऋणी/सेवाग्राहीसँग परामर्श गरी **वातवारणीय तथा सामाजिक (इ एण्ड एस) जोखिम** बर्गीकरणको तयारी गर्ने ।
2. ऋणी/सेवाग्राहीले तयार पारेको **इ एण्ड एस मूल्यांकन**को वारेमा सम्भावित जोखिमको प्रकृति र अवस्थाको पुनरावलोकन गर्ने ।
3. वातावरणीय तथा सामाजिक जोखिम सुहाउँदो **मूल्यांकन तथा व्यवस्थापन उपकरणहरु** पहिचान गर्न ऋणी/सेवाग्राहीलाई सहयोग गर्ने
4. ऋणी/सेवाग्राहीको **वातावरणीय तथा सामाजिक प्रणाली र यसका कार्यहरुलाई सबलीकरण** गर्ने ।
5. ऋणी/सेवाग्राहीसँग सहमत भई एडिबीले परियोजनामा वित्तीय लगानी गर्ने निर्णय लिंदा राखिने **सर्त**हरु चाहि वातावरणीय तथा सामाजिक प्रतिबद्धता योजना तथा वातावरणीय तथा सामाजिक कार्ययोजना (इएससिपि/इएसएपी)मा उल्लेख गरिन्छ ।
6. सम्बन्धित सरोकारवालाहरुसँग **सबैरै तथा निरन्तर रुपमा अर्थपूर्ण छलफल** गर्न ऋणी/सेवाग्राहीलाई सहायता उपलब्ध गराउने र परियोजना संचालन क्षेत्रमै गुनासो सुनुवार्य संयन्त्र पनि बनाइनेछ । यो दुवै गर्दा वातावरणीय तथा सामाजिक मापदण्ड (इएसएसहरु) मुताबिक हुनेछ ।
7. इएसएस, इएससिपि र इएसएपी बमोजिम **वातावरणीय तथा सामाजिक क्षेत्रमा गरिएको कामहरुको अनुगमन तथा मूल्यांकन परियोजना** संचालनको पुरै अवधि भर नै गर्ने ।

INTERNAL. This information is accessible to ADB Management and Staff. It may be shared outside ADB with appropriate permission.

# वातावरणीय तथा सामाजिक नीति
## जोखिम वर्गीकरणमा नयाँ सोच

ADB

- » **जोखिम पहिचानले कुन मापदण्डमा जोखिम** छ भन्ने अनि केन्द्रित हुनुपर्ने जोखिम तथा स्रोतको आवश्यकतामा पनि जोड दिन्छ । एउटै परियोजनामा सबै जोखिमका मापदण्डहरु आकर्षित नहुन पनि सक्छ ।
- » **एकीकृत वातावरणीय तथा सामाजिक जोखिम छनौट** र वर्गीकरणः
  - **प्रत्यक्ष, अप्रत्यक्ष तथा समष्टिगत** प्रभाव
  - विभिन्न क्षेत्रमा रहेका जोखिमका कारणहरु
  - मानिसहरु तथा वातावरणमा पर्ने **संकटापन्नता तथा संवेदनशीलता**
- » यसैगरी अन्य जोखिमहरुको वारेमा पनि ध्यान दिने (नयाँ) पनि
  - **परिवेशजन्य जोखिम**का कारणहरु
  - **काम/क्षमतासँग सम्बन्धित जोखिम**
- » एउटा परियोजनामा एउटा जोखिमको वर्गीकरण गरिनेछ । (इएनभी, आईआर वा आइपीका लागि छुट्टै वर्गीकरण गर्ने चलन हटिसकेको छ)
- » सुरक्षणको दस्ताबेजहरुले वर्गीकरणको आधारहरु प्रस्तुत गर्नेछ र सो वर्गीकरणभित्र व्यक्तिगत मापदण्डहरु पनि समाविष्ट हुनेछन् ।




**एसपीएस वर्गीकरण सरलीकृत तुलना वर्गीकरण प्रकार क (उच्च), प्रकार ख (उल्लेख्य वा मध्यम) प्रकार ग (न्यून)**

...nt and Staff. It may be shared outside ADB with appropriate permission.

# वातावरण तथा सामाजिक नीति

## नयाँ प्रावधानहरु तथा सुधारिएका गर्नुपर्ने कामहरु

ADB

1. ***जोखिम केन्द्रित अनुकुलन व्यवस्थापन:***
   - ✓ वातावरण तथा सामाजिक जोखिमको प्रकृति, प्रकार तथा प्रभाव सुहाउँदो मूल्यांकन तथा व्यवस्थापन प्रक्रिया
   - ✓ इएससिपी/इएसएपीको उपयोग गरेर मात्र परियोजना तयारी गर्ने तथा स्वीकृतिपश्चात् दस्ताबेजहरु सार्वजनिक गर्ने
2. ***ऋणीको वातावरणीय तथा सामाजिक प्रणाली लागू गर्ने:***
   - ✓ परीक्षणः सान्दर्भिक इएसएसको उद्देश्यबमोजिम "सामग्री निरन्तरता"
   - ✓ परियोजनामै मूल्यांकन गर्ने । परियोजनामा मिल्ने खालको इएसएस लागू गर्न ध्यान दिने ।
   - ✓ हालको "समान" तथा "स्वीकार गर्न सकिने" भन्दा थोरै कानुनी विवरण समेटिएको हुनुपर्ने ।
3. ***सामान्य सोचको उपयोग गर्ने***
   - ✓ परीक्षणः सन्दर्भ मिलेको इएसएसको उद्देश्यसँग मेल खानेखालको सामान्य सोचलाई सिलसिलेवर रुपमा लिने ।
4. ***परामर्श तथा सहभागिता***
   - ✓ ऋणीले सरोकारवालालाई यसमा सहभागी गराउनेवारेको योजना बनाउनुपर्दछ । (योजनामा सूचना सार्वजनिक गर्ने, सबै विपन्न, जोखिमापन्न मानिसहरु तथा समूहहरुलाई समेटेर समावेशी हिसाबले अर्थपूर्ण छलफल गर्ने)
   - ✓ परियोजना तथा देशको परिस्थितिबमोजिम विपन्न वा जोखिमापन्न समूहहरुको लागि आवश्यक छुट्टै व्यवस्था गर्नुपर्ने ।
5. ***अनुगमनः***
   - ✓ एडिबीले ऋणीले परियोजनामा संचालन गरेको इ एण्ड एस कार्यक्रमको अनुगमन गर्नेछ । अनुगमन गर्दा परियोजनाले गर्दा हुने प्रभाव तथा वातावरणीय तथा सामाजिक जोखिमहरुलाई इएससिपी/इएसएपीले तोकेबमोजिम तथा उपयुक्त तरीकाले भए नभएको पनि हेरिनेछ ।
6. ***सूचनाको सार्वजनिकीकरण गर्ने:***
   - ✓ परीक्षण/ऋण स्वीकृतिको अन्तिम निर्णय भएपछि लगत्तै ।



INTERNAL. This information is accessible to ADB Management and Staff. It may be shared outside ADB with appropriate permission.

# वातावरणीय तथा सामाजिक नीति

## विपन्न तथा जोखिममा परेका समुदायको जोखिमको सम्बोधन

ADB

### विपन्न तथा जोखिममा परेका समूहहरु

*उमेर, लिंग, जाति, धर्म, अपांगता तथा सामाजिक वा स्वास्थ्यको अवस्था, यौनिक अभिमुखीकरण, लैंगिक पहिचान, आर्थिक विपन्नता तथा जनजाति वा कुनै समुदायको खास किसिमले प्राकृतिक स्रोतमाथि निर्भरता आदि कारणहरुले गर्दा व्यक्तिहरु तथा समूहहरु परियोजनाबाट नराम्ररी प्रभावित हुन सक्छन् । र तिनै व्यक्ति तथा समूहहरु उनीहरुको आफ्नै क्षमताको कारणले परियोजनाले संचालन गरेको समुदाय लक्ष्यित कार्यक्रमबाट थोरै मात्रै लाभ पाउन सक्ने हुन सकछन् । अनि परियोजनाले संचालन गरेको परामर्श तथा लाभको बाँडफाडमा पूर्ण रुपले सहभागी नहुन सक्छन् ।*

1. **विपन्न तथा जोखिममा परेका समूह**हरुमाथि परियोजनाबाट अरु आम व्यक्ति वा समूहलाई भन्दा धैरै प्रभाव पर्नु हुँदैन ।
2. परियोजनाले **विभेद नहुनेगरी** काम गर्नुपर्छ ताकि सबै **“विपन्न तथा जोखिममा परेका समूहहरु”** ले परियोजनाबाट समान रुपले लाभ पाउन सकून् ।
3. जोखिमको सम्बन्ध **बहुपक्षीय तथा अन्तरसम्बन्धित** हुने हुँदा गरिबी, लैंगिक तथा अपांगता भएकाहरुको वारेमा विशेष ध्यान दिनुपर्दछ ।
4. विपन्न तथा जोखिममा परेका समूहहरुहरुमाथि परेको प्रभावको सम्बोधन गर्न विभिन्न फ**रक फरक विधि** अपनाउनुपर्दछ ।
5. **परियोजनाले संचालन गर्ने सुरक्षण कार्यक्रमको मूल्यांकन र कार्यविधिहरु बनाउँदा** देशको परिस्थिति तथा कानुनी व्यवस्थासँग मेल खानेगरी संवेदनशील भएर निर्माण गर्नुपर्छ । त्यसमा परियोजना बिशेष जोखिमलाई पनि ख्याल गर्नुपर्छ ।
6. **सुरक्षण नीतिका कार्यक्रमहरुले परियोजनाबाट प्रभावित मानिसहरुको सम्भावित जोखिम व्यवस्थापन तथा नोक्सानीलाई सम्बोधन गर्नेछ** । तर ती कार्यक्रमहरुले त्यहाँको बृहत् कानुन सुधार गर्ने भन्ने कुरा जनाउदैन ।
7. सुरक्षण कार्यक्रमका अवधारणाले विपन्न तथा संकटोन्मुख समुदायहरुमाथि **परियोजना संचालन गर्दा थप जोखिम पर्ने** हुनुहुँदैन ।
8. परियोजनाले **सरोकारवालाको सहभागिता तथा गुनासो सम्बोधन गर्ने संयन्त्र** उपयुक्त ढंगबाट व्यवस्थापन गराउनुपर्छ । र त्यो दुवै कार्य सुरक्षित तथा सबैको पहुँचमा हुनुपर्छ ।



INTERNAL. This information is accessible to ADB Management and Staff. It may be shared outside ADB with appropriate permission.

ADB

# छलफल

SAFEGUARD
POLICY REVIEW
AND UPDATE



ADB

# सत्र :२
# इएसस १ र इएसएस १० को परिचय

*जेरा अब्बास*
*प्रमुख वातावरण विज्ञ, ओएसएफजि, एडीबी*

*जरुही हेर्यापेट्यान*
*बरिष्ठ सामाजिक विकास विज्ञ (सुरक्षण), ओएसएफजी, एडीबी*

SAFEGUARD
POLICY REVIEW
AND UPDATE



# वातावरणीय तथा सामाजिक नीति
## जोखिम वर्गीकरणमा नयाँ सोच

ADB

- **जोखिम छनौट गरेर मापदण्डको निर्धारण** गरिन्छ । ध्यान दिनुपर्ने जोखिम तथा स्रोतको आवश्यकता प्रक्षेपण यसमा राखिएको हुन्छ । एउटै परियोजनामा सबै मापदण्ड आकर्षित हुँदैनन् ।
- **एकीकृत वातावरणीय तथा सामाजिक जोखिम छनौट तथा वर्गीकरण:**
  - **प्रत्यक्ष, अप्रत्यक्ष, एकमुष्ट** प्रभावहरु
  - विभिन्न क्षेत्रका परियोजनामा **अन्तर्निहित** जोखिमका कारणहरु
  - मानिसहरु तथा वातावरणको **जोखिम तथा संवेदनशीलता**
- अन्य जोखिम (नयाँ) हरुलाई पनि ध्यान दिइने
  - **परिवेशजन्य जोखिमका कारणहरु**
  - **कार्यसम्पादन /क्षमता सम्बन्धी जोखिम**
- एक परियोजनामा एउटै जोखिमको वर्गीकरण गर्न लगाइनेछ (पहिले वातावरण, पुनर्वास तथा आदिवासी जनजातिमा पर्ने जोखिममा फरक फरक वर्गीकरण गरिन्थ्यो)
- सुरक्षण दस्तावेजहरुले जोखिम वर्गीकरणको आधार प्रस्तुत गर्दछन् तथा त्यसमा व्यक्तिसँग सम्बन्धित जोखिमका मापदण्डहरु पनि समेटिएका हुन्छन् ।




**Simplified comparison to SPS categorization**
Cat A (=High); Cat B (=Substantial or Moderate); Cat C (= Low)

INTERNAL. This information is accessible to ADB Management and Staff. It may be shared outside ADB with appropriate permission.

# वातावरणीय तथा सामाजिक जोखिमको मूल्यांकन तथा व्यवस्थापन

## नयाँ प्रावधानहरु तथा सुधारिएका गर्नुपर्ने कामहरु

ADB

1. **एकीकृत इएण्डएस मूल्यांकनः** सबै प्रत्यक्ष, अप्रत्यक्ष तथा एकमुष्ट इ एण्ड एस जोखिम तथा प्रभावहरुको सम्बोन्धन गर्ने तथा त्यसमा सबै वातावरणीय तथा सामाजिक पाटोहरुलाई पनि समेट्ने ।
2. **वातावरणीय तथा सामाजिक पाटोहरुः** इएसएस बमोजिम ख्याल गनुपर्ने सबै मुद्दाहरुको तथा परियोजनामा लागू हुने मुद्दाहरुको पनि सूचि तयार गर्ने ।
3. **कार्यक्षेत्रः** मूल्यांकनको कार्यक्षेत्र निक्र्यौल गर्ने तथा सम्बन्धित इएसएसहरु तथा त्यसमा लागू हुने आवश्यक बिषयवस्तुहरु पनि तोक्ने ।
4. **इ एण्ड एस परीक्षणः** वातावरण तथा सामाजिक क्षेत्रमा परेको जोखिम तथा प्रभावको अनुपातमा परीक्षण गर्ने तथा सोहीबमोजिम वातावरण तथा सामाजिक प्रणालीको तय गर्ने ।
5. **विपन्न तथा जोखिममा परेका समूहहरुः** मुलुकको परिस्थिति, परियोजनाको प्रकृति तथा वातावरण तथा सामाजिक क्षेत्रमा पर्न जाने जोखिमको आधारमा प्रभावको परीक्षण गर्ने तथा विभिन्न उपायहरु पहिचान गर्ने ।
6. **इ एण्ड एस तयारीः** वातावरण तथा सामाजिक क्षेत्रको तयारीका लागि सबै वातावरण तथा सामाजिक क्षेत्रको परीक्षण गर्नुपर्ने कार्यहरुको पहिचान गर्ने त्यसो गर्दा एडिबी आफै सन्तुष्ट हुने गरी गर्ने ।
7. **वातावरण तथा सामाजिक प्रतिवद्धता/कार्ययोजना (इएससिपी/इएसएपी)ः** तोकिएको समयभित्र इएससले आवश्यक छ भनी निर्देश गरेको मापदण्डहरुको पालना गर्दै आवश्यक अनुकुलन हुने व्यवस्थापकीय प्रक्रियाहरु तयार गर्ने ।
8. **अनुगमनः** इएसपिपी/इएसएपी बमोजिम उच्च तथा उल्लेख्य जोखिम रहने परियोजनाको हकमा बर्षमा दुईपटक वा मध्यम तथा न्यून जोखिम पर्ने छ भने बर्षमा कम्तीमा एकपटक अनुगमन गर्ने ।
9. **ठेक्कापट्टा  व्यवस्थापन ः** सम्बन्धित इएसएसहरु तथा इएससिपी/इएसएपीले तोकेबमोजिम ठेक्केदार तथा उपठेक्केदारको व्यवस्था गरिनेछ ।



INTERNAL. This information is accessible to ADB Management and Staff. It may be shared outside ADB with appropriate permission.

# सरोकारवालाहरुको सहभागिता तथा सूचना सार्वजनिकीकरण

## नयाँ प्रावधानहरु तथा सुधारिएका गर्नुपर्ने कामहरु

**सरोकारवालाहरुलाई सहभागिता सुनिश्चित गर्ने योजना बनाउनेस:** सबै सरोकारवालाहरुलाई सुरक्षित तवरले तथा पहुँच पुग्ने गरी अर्थपूर्ण छलफल एवम् सहभागिताको लागि प्रोत्साहन हुने खालको कार्यक्रमहरु समेटिएको योजना बनाउने ।

सरोकारवालाहरुको सहभागितामा उनीहरुका आवश्यकता र चासोहरुलाई यथोचित स्थान दिई **विपन्न तथा जोखिममा परेका समुदायहरुको पहिचान** गर्ने तथा सूचना सार्वजनिक गर्ने प्रक्रिया एवम् गुनासो सुनुवाई गर्ने संयन्त्र पनि गठन गर्ने ।

शुरुदेखि नै समयमै सुनुवाई हुनेगरी तथा सबैको पहुँच पुग्नेगरी **गुनासो व्यवस्थापन संयन्त्रको व्यवस्था गर्ने ।** बदला, दुर्व्यवहार, धम्की वा विभेदसम्बन्धी आरोपका घटनाहरुको सम्बोधन गर्ने तथा उपयुक्त निराकरणका उपायको लागि स्पष्ट व्यवस्था हुनुपर्छ । यसैगरी नाम उल्लेख नगरी बुझाइएका गुनासोहरु समेत सम्बोधन गर्ने व्यवस्था पनि

परियोजना तयारीका बखतमा सम्भव भएसम्म चाडै **परियोजनावारेको सूचना सार्वजनिकीकरण गर्ने ।** त्यसरी सूचना सार्वजनिक गर्दा सरोकारावालाहरुलाई परियोजना डिजाइन गर्दाका बखतमा अर्थपूर्ण छलफलमा सहभागी हुन सक्षम बनाउने गरी गरिनुपर्छ र त्यो सार्वजनिकीकरण गर्दा एडिबीले परियोजनाको मूल्यांकन तथा अन्तिम ऋण स्वीकृति गर्ने समयभन्दा ढिला गरिनुहुँदैन ।

सरोकारवालाको सहभागितासम्बन्धी योजना तथा सूचना सार्वजनिकीकरण तथा गुनासो संयन्त्रको कार्यान्वयन गर्दा **पर्याप्त वित्तीय तथा मानवस्रोतको व्यवस्था गर्ने ।**

परियोजनाको जटिलता हेरी परियोजनाको अनुगमन गर्ने तथा कार्यान्वयन गर्ने वा देखिएका समस्याहरु तथा चासोहरु सम्बोधन गर्न योग्य विज्ञहरु खटाउन सकिनेछ ।

INTERNAL. This information is accessible to ADB Management and Staff. It may be shared outside ADB with appropriate permission.

ADB

# छलफल

SAFEGUARD
POLICY REVIEW
AND UPDATE



ADB

# संश्लेषण तथा अबको बाटो

***ब्रुस डन***
***निर्देशक, अफिस अफ सेफगार्ड्स, एडिबी***

SAFEGUARD POLICY REVIEW AND UPDATE



# एजेण्डा (चैत्र २२)

| | |
|---|---|
| 04:05 pm | अघिल्लो सत्रबाट पृष्ठपोषण |
| 04:10 pm | **सत्र ३ः इएसएस ५, इएसएस ७, र इएसएस ८ को परिचय** |
| 04:25 pm | मोडेरेसनसहितको छलफल |
| 05:35 pm | बिश्राम |
| 05:40 pm | **सत्र ४ः इएसएस २, र इएसएस ४ को परिचय** |
| 05:50 pm | मोडेरेसनसहितको छलफल |
| 06:55 pm | संश्लेषण, घटना मूल्यांकन तथा घोषणाहरु |

SAFEGUARD POLICY REVIEW AND UPDATE

INTERNAL. This information is accessible to ADB Management and Staff. It may be shared outside ADB with appropriate permission.

ADB

# अघिल्लो सत्रबाट मुख्य पृष्ठपोषण

SAFEGUARD
POLICY REVIEW
AND UPDATE



ADB

# सत्र ३◌ः
# इएसएस ५, इएसएस ७ र इएसएस ८ को परिचय


इरिना नोभिकोभा
प्रमुख समाजिक विकास बिशेषज्ञ, ओएसएफजी, एडिबी

तुल्सी बिष्ट
बरिष्ठ सामाजिक विकास बिशेषज्ञ

जेरा अब्बास
प्रमुख वातावरण विज्ञ, ओएसएफजि, एडीबी


SAFEGUARD
POLICY REVIEW
AND UPDATE



# जग्गा अधिग्रहण तथा भूउपयोग प्रतिबन्ध (एलए/एलयूआर)

## नयाँ प्रावधानहरु तथा सुधारिएका गर्नुपर्ने कामहरु

*__कार्यक्षेत्रः__ कार्यक्षेत्रमा (अ) इच्छाविपरीत जमिन अधिग्रहण÷जग्गाको उपयोगमा प्रतिबन्ध, (आ) स्वेच्छाले गरिने जग्गाको किनबेच तथा जग्गा उपयोगमा प्रतिबन्धका लागि आवश्यक सावधानी (इ) परियोजना संचालन हुनुभन्दा पहिले गर्नुपर्ने क्रियाकलापहरु तर त्यस्तो क्रियाकलापहरु गर्दा परियोजनाको तयारीस्वरुप संचालन गरिएको र परियोजना शुरु गर्ने अपेक्षा तथा ध्येयले गरिएको हुनुपर्ने ।*

**जोखिम परीक्षण तथा वर्गीकरणः** एकीकृत इएसआइए, स्वेच्छाविपरीत पुनस्र्थापना वर्गीकरणका लागि छुट्टै सीमा रहने छैन (इएसआइएले अबदेखि समग्र प्रभाव/जोखिमलाई महत्व दिएको छ) । जग्गा अधिग्रहण/जग्गाको उपयोग गर्न लगाइने प्रतिबन्धजस्ता कुराहरु इएसएस५ कार्यान्वयनका लागि थप वर्गीकरण गरिनेछ ।

**समेटिएको ः** इएसएस१ र एसएस५ मा भएका सम्बन्धित सुविधाहरु÷सामाजिक प्रभाव/विद्यमान सुविधाहरु अदि जग्गा अधिग्रहण/जग्गा उपयोगमा लगाइने प्रतिबन्ध आदि गदाए आइपर्ने जोखिम/प्रभावको न्यूनीकरण आवश्यक पर्दछ । यी सबै कुरा ऋणीको मातहत तथा नियन्त्रणमा संचालन हुन्छ । साथै यसमा विगतका जग्गा अधिग्रहण/जग्गा उपयोगमा लगाइएका प्रतिबन्धहरु तथा परियोजना तयारीले पनि प्रभाव पार्दछ ।

**जग्गा अधिग्रहण÷जग्गा उपयोगमा लागेको प्रतिबन्धको प्रभावः** (अ) यसले पुर्ण रुपमा, आंशिक, स्थायी र/वा आर्थिक तथा भौतिक रुपमा अस्थायी विस्थापन; (आ) प्रभावित मानिसहरुको अनौपचारिक, परम्पराबाट चलिआएको वा आधिकारिक जग्गा, सम्पत्ति तथा त्यसको अधिकार परियोजना संचालन गर्ने देशको कानुनबमोजिम जग्गाको स्वामित्व लिने वा प्रयोग हुने व्यवस्था छ ।

**प्रभावको परीक्षणः** प्रभावको अनुपात हेरेर जग्गा अधिग्रहण गर्ने योजना (एलएपी) तयार पार्ने । योजना बनाउँदा विपन्न, जोखिममा परेका समुदाय, लैंगिक पक्षलाई ध्यान दिई सरोकारवालाको सहभागिता, गुनासो सुन्ने संयन्त्र तथा सूचनाको जानकारी दिने व्यवस्थाको समेत सुनिश्चित गर्ने ।



INTERNAL. This information is accessible to ADB Management and Staff. It may be shared outside ADB with appropriate permission.

5

# जग्गा अधिग्रहण तथा भूउपयोग प्रतिबन्ध (एलए/एलयूआर)

## नयाँ प्रावधानहरु तथा सुधारिएका गर्नुपर्ने कामहरु

**क्षतिपूर्ति/सहायताः** परियोजनाबाट प्रभावित व्यक्तिहरुलाई क्षतिपूर्ति उपलब्ध गराउन तथा सहायता प्रदान गर्ने । भौतिक रुपमा नै विस्थापित व्यक्तिहरुलाई पुनर्वास क्षेत्रमा पर्याप्त आवास उपलब्ध गराई भोगाधिकार समेत प्रदान गर्ने ।

**जग्गा अधिग्रहण ढाँचा (एलएएफ)ः** एडिबीले परियोजना स्वीकृति गर्दासम्म अन्तिम इन्जिनियरिङ डिजाइन उपलब्ध नभएमा वा पूर्ण परीक्षण प्रतिवेदन प्राप्त नभएमा तथा परियोजनाबाट पर्ने प्रभावको वारेमा अनिश्चितता भएमा एलएएफ तयार गरिनेछ । त्यसमा विस्तृत कार्यक्षेत्र तथा अनुमानित बजेट समेत खुलाई किन त्यो एलएएफ तयार गनुपर्यो भन्ने तर्क समेत पेश गर्नेछ ।

**जग्गा अधिग्रहण योजना (एलएपी)को अनुगमनः** निर्माण कार्य शुरु गर्नुअगावै एलएपीको कार्यान्वयन भएको हुनुपर्ने र त्यसो गर्नका लागि जग्गा अधिग्रहणको पुनरावलोकन गर्ने । साथै परियोजनाको काम सकिदा पनि पूर्णताको अनुगमन गर्ने । .

**सूचना सार्वजनिकीकरणः** सबै जग्गा अधिग्रहण÷जग्गा अधिग्रहण प्रतिबन्धका उपकरणहरुको सार्वजनिकीकरण पक्का गर्ने ।



INTERNAL. This information is accessible to ADB Management and Staff. It may be shared outside ADB with appropriate permission.

# इएसएस ७ः परिचय

- एडिबीको सेफगार्ड पोलिसी स्टेटमेन्ट २००९ मा उल्लेखित विद्यमान **जनजाति समुदाय**को सुरक्षणमा आधारित भई इएसएस७ बनाइएको हो । यसले जनजाति समुदायहरु जनसंख्याको सबैभन्दा बढी सीमान्तकृत तथा जोखिममा परेका हुन्छन् भन्ने कुरा मान्दछ । उनीहरुको आर्थिक, सामाजिक तथा काननी हैसियतले गर्दा उनीहरुको जग्गा, प्राकृतिक तथा सांस्कृतिक स्रोतमाथिको अधिकारको प्रतिरक्षा गर्न सक्दैनन् । अनि उनीहरु विकासमा सहभागी भई विकासको प्रतिफल लिन पनि सक्दैनन् ।

- जनजाति समुदायहरु भन्नाले एशिया तथा प्रशान्त क्षेत्रका विभिन्न देशहरुमा बसोबास गर्ने अल्पसंख्यक, आदिवासी सांस्कृतिक समदाय, पहाडी क्षेत्रमा बस्ने जाति, अल्पसंख्यक नागरिक, अनुसूचिमा राखिएका जाति, जंगलमा बस्ने समुदाय लगायतका फिरन्ते समुदायहरुलाई जनाउँदछ ।

INTERNAL. This information is accessible to ADB Management and Staff. It may be shared outside ADB with appropriate permission.

7

# आदिवासी जनजाति मानिसहरु

## नयाँ प्रावधानहरु तथा सुधारिएका गर्नुपर्ने कामहरु

ADB

**उद्देश्यहरुः** स्वतन्त्र, पूर्व जानकारीसहितको सहमति (एफपिआईसी) समावेश गरिएको

आदिवासी जनजाति समुदायको **पहिचान गर्ने चारवटा फरक मापदण्डहरु** (अ) आफै पहिचान गर्ने, (आ) जमिनमा सामूहिक लगाव, (इ) परम्परागत संस्थाहरु तथा कानुनहरु र (ई) छुट्टै भाषा । (जोखिममा परेको भन्ने मापदण्ड अहिले हटाइएको छ)

**बृहत् समुदाय सहायता (ब्रोड कम्युनिटी सपोर्ट)लाई स्वतन्त्र पूर्व जानकारीसहित दिइएको सहमति** (फ्रि प्रायर एण्ड इन्फ्रमड कन्सेन्ट, एफपिआईसी) ः तीनखालका परिवेशमा एएफपिआइसी चाहिन्छः (अ) जब परियोजनाले आदिवासी जनजाति समुदायको जमिन तथा प्राकृतिक स्रोतमाथि नकारात्मक असर गर्दछ, (आ) आदिवासी जनजातिलाई उनीहरुको जमिनबाट अन्यत्रै सार्नुपर्ने हुन्छ । (इ) आदिवासी जनजातिहरु जसको आफ्नो पहिचान र संस्कृति झल्किने सांस्कृतिक सम्पदा भएका समुदायमा ठूलो प्रभाव परेको र÷वा उनीहरुको जीवनमा आध्यात्मिक पक्षमा प्रभाव पर्दछ ।

**सहभागिता तथा अर्थपूर्ण छलफलः** समावेशी प्रक्रियासहित आदिवासी जनजातिहरुबीच नै सामूहिक निर्णय लिनका लागि पर्याप्त समय दिइनेछ । त्यसो गर्दा उनीहरुको विपन्नता तथा जोखिममा पर्न सक्छन् भन्ने कुरालाई बिशेष ध्यान दिइने ।

**समाजिक प्रभाव परीक्षणः** ले अमूर्त प्रभाव, परिवेशजन्य जोखिम, जैविक विविधता र पर्यावरणीय सम्बन्धहरुको परीक्षण पनि गर्नपर्दछ ।

**आदिवासी जनजातिको स्वेच्छिक पृथक बसोबासः** आदिवासी जनजातिको जग्गा, क्षेत्र, वा उनीहरुको संस्कृतिको स्वमित्वको सम्मान, संरक्षण गर्न उपयुक्त विधिहरु अपाउने । र साथै परियोजना संचालन गर्दा उनीहरुको समुदायसँग अवाञ्छित हेलमेलबाट पर्न सक्ने प्रभाव हटाउने ।

**परियोजनाबाट आदिवासी जनजातिहरुमात्रै लाभग्राही रहेको तथा उनीहरुमात्रै लाभग्राही नरहेकोः** दुवै अवस्थाको वारेमा स्पष्टता गरिने ।

**आदिवासी जानजातिका मानिसहरुसम्बन्धी योजनाः** यो योजना तयार गर्दा प्रभाव परीक्षण तथा अर्थपूर्ण छलफलबाट तयार गरिनेछ अनि त्यस्तो योजनाहरु परियोजनाबाट यी समुदायमा पर्ने प्रभाव सुहाँउदो हुनुपर्छ ।

**बजेटः** आदिवासी जनजाति समुदायमाथि पर्ने प्रभावको निराकरण गर्नका लागि पर्याप्त स्रोत व्यवस्था गर्ने ।

**गुनासो संयन्त्रः** गुनासो सुन्नका लागि स्थापित संयन्त्रले आवश्यक परेको खण्डमा आदिवासी जनजातिको उनीहरुको परम्परागत विवाद समाधान संयन्त्रलाई समाहित गर्ने । र यो संयन्त्रले गुनासो गर्ने व्यक्तिको सम्भावित खतराबाट पनि संरक्षण गर्नेछ ।

**अनुगमन तथा रिपोर्टिङः** परियोजनाको जोखिम तथा प्रभाव बमोजिम गर्ने । परियोजनाबाट उल्लेख्य प्रभाव भएमा त्यसको अनुगमन गर्नका लागि अनुभवी तथा योग्य बाह्य अनुगमनकर्ता आवश्यक पर्दछ ।

नोटः बिसिएस = ब्रोड कम्युनिटी सपोर्ट; एफपिआइसी= फ्रि प्रायोर इन्फर्म्ड कन्सेन्ट; आइपी=आदिवासी जनजाति समुदाय



INTERNAL. This information is accessible to ADB Management and Staff. It may be shared outside ADB with appropriate permission.

8

# सांस्कृतिक सम्पदा

## नयाँ प्रावधानहरु तथा सुधारिएका गर्नुपर्ने कामहरु

1. **अमूर्त सांस्कृतिक स्रोत तथा दृश्यको प्रभावः** परियोजनाबाट मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदामाथि पर्न जाने प्रत्यक्ष वा समष्टिगत खास जोखिम तथा प्रभावको व्यवस्थापन गर्ने ।

2. **आदिवासी जनजाति मानिसहरुः** ले विभिन्न समुदायहरुबीचमा समानता पाइने खालको सांस्कृतिक सम्पदाको संरक्षण गर्ने कुराको आवश्यकताहरु निर्दिष्ट हुन्छन् । यदि आदिवासी जनजाति समुदायको क्षेत्रमा सांस्कृतिक सम्पदाको पहिचान भएमा इएसएस७ बमोजिम स्वच्छ, पुर्वसूचनासहितको सहमति (एफपिआईसी) आवश्यक पर्दछ ।

3. **विभिन्न खालका सांस्कृतिक सम्पदाहरुको लागि खास आवश्यकताः** पुरातात्विक क्षेत्र तथा सामग्रहरु, पानीमुनिका सांस्कृतिक सम्पदा, शव व्यवस्थापन क्षेत्रहरु, निर्माण गरिएका सम्पदा, परिदृश्य तथा प्राकृतिक स्रोतहरु तथा एकठाउँबाट अर्को ठाउँमा लैजान सकिने सांस्कृतिक सम्पदाहरु समेटिएका छन् ।

4. **सरोकारवालाको सहभागिताः** सांस्कृतिक सम्पदा पहिचान गर्ने, यसको महत्व थाहा पाउन, जोखिम र प्रभावको परीक्षाण गर्ने तथा सम्भावित क्षति हुनबाट जोगाउन, जोखिम न्यूनीकरण तथा अनुगमन एवम् रिपोर्टिङ गर्ने अर्थपूर्ण छलफल गर्ने ।



INTERNAL. This information is accessible to ADB Management and Staff. It may be shared outside ADB with appropriate permission.

ADB

# छलफल

SAFEGUARD
POLICY REVIEW
AND UPDATE



ADB

# सत्र ४ः
# इएसस २ र इएसएस ४

**फेलिक्स ओकु**
**प्रमुख सामाजिक विकास बिशेषज्ञ (सेफगार्ड्स), ओएसएफजि, एडिबी**

SAFEGUARD POLICY REVIEW AND UPDATE



# श्रम तथा कार्य वातावरण

## नयाँ प्रावधानहरु तथा सुधारिएका गर्नुपर्ने कामहरु

ADB

1. एडिबीले श्रम सम्बन्धमा गरेका विभिन्न प्रतिबद्धताहरु जस्तै एसपिएसमा उल्लेखित प्रतिबन्धित लगानी सूचि, सामाजिक संरक्षण रणनीति २००१, कोर लेबर स्टान्डर्ड ह्याण्डबुक, ऋणी र एबिडीबीचमा ऋण सम्झौताका प्रावधानहरु तथा ऋणीले निर्माणका ठेक्काहरुका सम्झौताहरुका आधारमा मुख्य श्रम मापदण्डहरु बनेका छन् ।
2. मापदण्डहरु लागू हुने कुरा रोजगारीको प्रकार तथा ऋणी र परियोजनाका कामदारका बीचको सम्बन्धको प्रकृतिमा निर्भर गर्दछ ।

1. **श्रमसम्बन्धी जोखिमहरु** परियोजना तहमा केन्द्रित हुन्छन् तथा मापदण्डहरु भने सबै क्षेत्र तथा सबै परियोजनासम्बद्ध कामदारहरुमा लागू हुन्छ ।

देहायका समेत गरी सबै प्रकारका कामदारहरुसँगको सम्बन्धमा लागू हुन्छः

- **प्रत्यक्ष कामदारहरु** — ऋणीले परियोजनामै काम गर्ने गरी नियुक्त गरेका वा संलग्न कामदारहरु ।
- **करारका कामदारहरु**— परियोजनाको जुनसुकै स्थानमा काम गर्नेगरी तेस्रो पक्षले नियुक्त गरेका कामदारहरु ।
- **प्राथमिक आपुर्तिकर्ता कामदारहरु**—ऋणीका प्राथमिक आपूर्तिकर्ताहरुले नियुक्त गरेका वा काममा संलग्न गराएका कामदारहरु ।

- **प्राथमिक आपूर्तिकर्ताहरु**ले परियोजनामा उत्पादन तथा सेवा प्रक्रियाका लागि विभिन्न वस्तु तथा सामग्रीहरु उपलब्ध गराउँछन् । उनीहरुको आपूर्तिले परियोजनाको खास काम भइरहेको हुन्छ तथा उक्त आपूर्तिवेगर परियोजना चालू हुँदैन ।
